# मे 22, 2023 देखि, तपाईं इलेक्ट्रोनिक चोरीको शिकार भएमा र तपाईंको EBT कार्डबाट तपाईंका लाभहरू चोरी भएमा SNAP लाभहरू पुन: उपलब्ध गराउन सकिन्छ।

## तपाईंका लाभहरू चोरी भएमा, अहिले नै कदम चाल्नुहोस्:

- **तपाईंलाई आफ्ना लाभहरू अक्टोबर 1, 2022 र मे 22, 2023 को बीचमा चोरी भएका थिए भन्नेबारे थाहा भएमा,** अहिले नै प्रतिस्थापन लाभहरू अनुरोध गर्नुहोस्। तपाईंको अनुरोध जुन 21, 2023 सम्ममा प्राप्त गरिएको हुनुपर्छ। अक्टोबर 1 अगाडि चोरी गरिएका लाभहरू पुन: उपलब्ध गराउन सकिंदैन।
- **तपाईंले मे 22, 2023 पछि लाभहरू चोरी भएको पत्ता लगाउनुहुन्छ भने,** तुरून्तै आफ्नो EBT कार्ड रद्द गर्नुहोस्, नयाँ PIN प्राप्त गर्नुहोस् र प्रतिस्थापन लाभहरू अनुरोध गर्नुहोस्। तपाईंले लाभहरू चोरी भएका थिए भनी पत्ता लगाएको 30 दिन सम्ममा तपाईंको अनुरोध प्राप्त गरिएको हुनुपर्छ।

## तपाईंको कार्ड कसरी रद्द गर्ने:

- **व्यावसायिक समयभन्दा बाहिर:** तपाईंको कार्ड रद्द गर्न र तपाईंका लाभहरू सुरक्षित गर्नका लागि 1-888-997-4447 मा 24-घण्टे टोल-फ्री ग्राहक सेवा लाइनलाई कल गर्नुहोस्। त्यसपछि नयाँ कार्ड र PIN प्राप्त गर्नका लागि व्यावसायिक समय अवधिमा तलको प्रतिस्थापन कार्ड लाइनलाई कल गर्नुहोस्।
- **व्यावसायिक समयावधिमा:** प्रतिस्थापन कार्ड अर्डर गर्नका लागि 1-855-328-6715मा टोल-फ्री प्रतिस्थापन कार्ड लाइनलाई कल गर्नुहोस्। प्रतिस्थापन लाइन बिहान 8:30 बजेदेखि साँझ 4:30 जेबसम्म सोमबारदेखि शुक्रबारसम्म खुला हुन्छ। तपाईंले सामान्यतया पाँच व्यावसायिक दिनभित्र, मेलद्वारा प्रतिस्थापन कार्ड प्राप्त गर्नु हुने छ।

## प्रतिस्थापन लाभहरूको अनुरोध कसरी गर्ने:

- **स्थानीय कार्यालयमा जानुहोस्।** https://www.oregon.gov/dhs/Offices/Pages/one-services.aspx मा तपाईंको नजिकैको कार्यालय फेला पार्नुहोस्
- **800-699-9075 मा कल गर्नुहोस्**
- **Oregon.Benefits@odhsoha.oregon.gov मा पूर्ण अनुरोध फाराम इमेल गर्नुहोस्**
- **निम्नमा पूर्ण अनुरोध फाराम** मेल गर्नुहोस्:
  ONE Customer Service Center
  PO Box 14015
  Salem, OR 97309

QR कोड वा तलको लिङ्क प्रयोग गरेर अनुरोध फाराम, पत्राचार ठेगाना र थप जानकारी फेला पार्नुहोस्:
https://www.oregon.gov/dhs/assistance/food-benefits/pages/replacement%20-benefits.aspx